| *मुद्रा* | वार्षिक % परिवर्तन | 15.2 | 2.2 | 11.1 | 8.8 | 13.3 | 7.4 | 19.9 | 25.5 | 18.1 |
| *चल्ती निक्षेप* | वार्षिक % परिवर्तन | -3.5 | 25 | 14.4 | 2.2 | 16 | 22.8 | 25 | 30.5 | 2.1 |
| *विस्तृत मुद्रा प्रदाय (एम२)* | वार्षिक % परिवर्तन | 4.4 | 9.8 | 12.8 | 8.3 | 15.6 | 14 | 25.2 | 27.7 | 12.4 |
| *मुद्दती र वचत निक्षेप* | वार्षिक % परिवर्तन | 2.1 | 10.4 | 13.1 | 9.2 | 16.4 | 14.9 | 27 | 27.9 | 12.5 |
| *कुल निक्षेप (वाणिज्य बैंकहरुको)* | वार्षिक % परिवर्तन | 1.4 | 10.3 | 14.7 | 7.7 | 15.8 | 15.3 | 26.0 | 30.4 | 9.6 |
| *कुल निक्षेप/* जि.डि.पी. | प्रतिशत | 40.0 | 41.2 | 43.3 | 42.5 | 44.3 | 46.0 | 51.7 | 55.5 | 51.0 |
| *कुल आन्तरिक कर्जा/* जि.डि.पी. | प्रतिशत | 44.2 | 45.5 | 45.9 | 47.5 | 49.3 | 49.5 | 53.6 | 55.8 | 54.9 |
| *निजी क्षेत्रतर्फ/* जि.डि.पी. | प्रतिशत | 29 | 30.7 | 32.1 | 33.4 | 37.2 | 37.6 | 41.7 | 44.0 | 43.6 |
| *सरकारतर्फको खुद कर्जा/* जि.डि.पी. | प्रतिशत | 13 | 11.9 | 10.7 | 10.8 | 10.9 | 11.2 | 11.2 | 10.6 | 7.2 |
| *संकुचित मुद्रा प्रदाय/* जि.डि.पी. | प्रतिशत | 16.8 | 17 | 17.5 | 17 | 17.3 | 17.4 | 18.9 | 19.8 | 18.7 |
| *मुद्रा/* जि.डि.पी. | प्रतिशत | 12.1 | 11.6 | 11.8 | 11.7 | 11.9 | 11.5 | 12.3 | 12.7 | 12.6 |
| *चल्ती निक्षेप/* जि.डि.पी. | प्रतिशत | 4.7 | 5.5 | 5.7 | 5.3 | 5.4 | 6.0 | 6.6 | 7.1 | 6.1 |
| *विस्तृत मुद्रा प्रदाय/* जि.डि.पी. | प्रतिशत | 48.8 | 50 | 51.7 | 51 | 53.0 | 54.3 | 60.7 | 63.8 | 60.2 |
| *मुद्दती र वचत निक्षेप/* जि.डि.पी. | प्रतिशत | 32 | 32.9 | 34.2 | 34 | 35.7 | 36.9 | 41.8 | 44.0 | 41.5 |
| **वाह्य क्षेत्र** | | | | | | | | | | |
| *निर्यात (वस्तु)* | वार्षिक % परिवर्तन | -15.6 | 6.4 | 8 | 8.9 | 2.6 | 0.9 | 12.0 | 14.2 | -9.7 |
| *आयात (वस्तु)* | वार्षिक % परिवर्तन | -7.2 | 15.8 | 9.6 | 9.7 | 16.3 | 10.3 | 23.9 | 28.2 | 28.9 |
| *निर्यात/आयात अनुपात* | प्रतिशत | 43.7 | 40.2 | 39.6 | 39.3 | 34.7 | 30.5 | 26.7 | 23.8 | 16.7 |
| व्यापार घाटा | वार्षिक % परिवर्तन | 0.7 | 23.1 | 10.7 | 10.2 | 25.1 | 19.2 | 20.2 | 33.3 | 41.0 |
| *पर्यटन आय* | वार्षिक % परिवर्तन | -26.1 | 35.7 | 54.5 | -43.3 | 8.7 | 6 | 84.2 | 49.9 | -0.3 |
| *पर्यटन व्यय* | वार्षिक % परिवर्तन | 3.8 | 7.7 | 62.4 | -3.3 | 23.4 | 32 | 32.2 | 50.5 | 8.0 |
| *विप्रेषण आय* | रु. अर्ब | 47.22 | 47.54 | 54.20 | 58.59 | 65.54 | 97.69 | 142.68 | 209.70 | 224.29 |
| *विप्रेषण आय* | वार्षिक % परिवर्तन | 0.7 | 14 | 8.1 | 11.9 | 49 | 2.5 | 42.5 | 47.0 | 7.0 |

| विवरण | एकाई | आर्थिक वर्ष | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 58/59 | 59/60 | 60/61 | 61/62 | 62/63 | 63/64 | 64/65 | 65/66 | 66/67[1] |
| *चालू खाता सन्तुलन* | रु. अर्ब | 18.16 | 11.62 | 14.60 | 11.55 | 14.23 | -0.90 | 23.68 | 41.44 | -27.60 |
| *निर्यात/* जि.डि.पी. | प्रतिशत | 10.2 | 10.1 | 10 | 10 | 9.2 | 8.2 | 7.3 | 6.8 | 5.2 |
| *आयात/* जि.डि.पी. | प्रतिशत | 23.4 | 25.3 | 25.4 | 25.4 | 26.6 | 26.8 | 27.2 | 28.7 | 31.0 |
| *व्यापार घाटा/* जि.डि.पी. | प्रतिशत | -13.2 | -15.1 | -15.3 | -15.4 | -17.4 | -18.6 | -19.9 | -21.9 | -25.8 |
| *पर्यटन आय/* जि.डि.पी. | प्रतिशत | 1.9 | 2.4 | 3.4 | 1.8 | 1.5 | 1.4 | 2.3 | 2.8 | 2.4 |
| *पर्यटन व्यय/* जि.डि.पी. | प्रतिशत | 1.2 | 1.3 | 1.9 | 1.6 | 1.8 | 2.2 | 2.6 | 3.2 | 2.9 |
| *विप्रेषण आय/* जि.डि.पी. | प्रतिशत | 10.3 | 11 | 10.9 | 11.1 | 14.9 | 13.8 | 17.5 | 21.2 | 19.0 |
| *चालू खाता सन्तुलन/* जि.डि.पी | प्रतिशत | 4 | 2.4 | 2.7 | 2 | 2.2 | -0.1 | 2.9 | 4.2 | -2.3 |
| *शोधनान्तर वचत* | रु. अर्ब | -3.34 | 4.36 | 16.01 | 5.74 | 25.60 | 5.90 | 29.68 | 41.28 | -19.57 |
| *विदेशी विनिमय संचिति* | रु. अर्ब | 105.90 | 108.23 | 130.21 | 129.90 | 165.03 | 165.13 | 212.62 | 279.99 | 253.36 |
| *विदेशी विनिमय संचिति* | वार्षिक % परिवर्तन | 0.7 | 2.2 | 20.3 | -0.2 | 27 | 0.1 | 28.8 | 31.7 | -9.5 |
| *संचितिको आयात धान्ने क्षमता*<br>**वस्तु आयात* | महिनाको आयात वरावर | 11.6 | 10.4 | 11.5 | 10.4 | 11.4 | 10.2 | 11.5 | 11.8 | 8.4 |
| **वस्तु तथा सेवा आयात* | महिना आयात वरावर | 9.8 | 9 | 9.7 | 8.8 | 9.6 | 8.4 | 9.3 | 9.7 | 7.3 |
| *विदेशी विनिमय दर*[6] | १ अमेरिकी डलर.= रु. | 76.88 | 77.79 | 73.79 | 72.06 | 72.32 | 70.49 | 65.02 | 76.88 | 74.19 |

*[1]वार्षिक प्रारम्भिक अनुमान (प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित); [2]आधार वर्ष २०५७/५८=१००; [3]आधार वर्ष २०५२/५३=१००;*
*[4]आधार वर्ष २०५६/५७=१००; [5]आधार वर्ष २०६१/६२=१००; [6]खरिद र विक्री दरको वार्षिक औसत, चालु आर्थिक वर्षको जेठ महिनासम्मको औषत*

**टिप्पणी : जि.डि.पी.**सँगको अनुपात हिसाव गर्दा उत्पादकको प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनसँग गरिएको छ । कतिपय पुराना तथ्याङ्कहरु समेत स्रोतबाटै संशोधन भई आएकोले सोही अनुरुप परिमार्जन गरिएको छ ।

# अर्थतन्त्रका प्रमुख चुनौतीहरु

## १. आर्थिक गतिविधि

१.१ नेपालको आर्थिक विकासको प्रक्रियामा न्यून आर्थिक वृद्धिदर एउटा ठूलो चुनौतीको रुपमा रहने गरेको छ । त्रिवर्षीय अन्तरिम योजनाको अन्तिम वर्षसम्मको अनुमानित तथ्याङ्कको आधारमा हेर्दा योजनामा उल्लेखित ५.५ प्रतिशतको लक्षित वृद्धिदर हासिल हुने देखिदैन । चालू आर्थिक वर्ष २०६६/६७ को ५.५ प्रतिशतको वृद्धिदर हासिल गर्ने लक्ष्य पनि प्राप्त नहुने देखिन्छ । शान्ति प्रक्रिया र सुरक्षाको स्थितिमा सुधार हुंदै जाने अपेक्षा गरिएकोमा विभिन्न समयमा हुने गरेका बन्द, हडताल, श्रम समस्या, विद्युत आपूर्तिमा कमी तथा बाह्य बजारको संकुचनका कारण लक्षित आर्थिक वृद्धिदर हासिल गर्न कठिनाइ परेको छ । उत्पादन, रोजगारी, तथा जीवनयापनको दृष्टिले कृषि नेपाली अर्थतन्त्रको प्रमुख क्षेत्रको रुपमा रहेको छ । आधा शताव्दिदेखि अवलम्वन गरिंदै आएको योजनावद्ध विकासको पृष्ठभूमिमा भएको हाम्रो अर्थतन्त्रमा कृषि क्षेत्रको विकास र प्रवर्द्धनको निम्ति मुख्यरुपमा सहयोग पुऱ्याउने सिंचाइ व्यवस्था कमजोर रहनु कृषि क्षेत्रतर्फको प्रमुख चुनौती हो ।

१.२ लगानी प्रवर्द्धनका लागि लगानी-मैत्री वातावरणको आवश्यकता रहन्छ । ऊर्जा समस्या, श्रम समस्या र अनिश्चितता जस्ता कारणले लगानीको उपयुक्त वातावरण निर्माण हुन सकेन । यसले गर्दा उत्पादनमूलक उद्योग, अन्य व्यवसाय एवं सेवाहरु पनि फष्टाउन सक्ने अवस्थामा रहेनन् । परिणामस्वरुप अन्तरिम योजना तथा चालू आर्थिक वर्षको लक्ष्यित आर्थिक वृद्धिदर हासिल गर्न सकिएन ।

१.३ आर्थिक वृद्धिदरमा कमी आउँदा पनि उपभोग भने बढ्दो छ । उपभोगको बढ्दो प्रवृत्तिका कारण गार्हस्थ्य वचतको अनुपातमा संकुचन आएको छ । तसर्थ, वचत प्रोत्साहित गर्ने वातावरण सिर्जना गर्नु अर्थतन्त्रको अर्को चुनौती हो ।

१.४ नेपालमा रोजगारीका अवसरहरु क्षीण भएकोले विदेशमा कामदारको रुपमा काम गर्न नेपालका लाखौ युवाशक्ति विदेशिएका छन् । उनीहरुले नेपालका आफन्तजनहरुको जीवन निर्वाहको निम्ति उल्लेख्य परिमाणमा विप्रेषणको रकम पठाउने गरेका छन् । यस्तो विप्रेषण आप्रवाह रकम कुल गार्हस्थ्य उत्पादनको करिव २१ प्रतिशतको हाराहारीमा छ । तर, प्राप्त विप्रेषणको ठूलो हिस्सा आधारभूत उपभोग्य सामानहरुको आयात तथा घरजग्गा खरिदमा उपभोग हुने गर्दछ । विप्रेषणको रुपमा आउने रकमलाई वित्तीय बचतको रुपमा परिचालन गर्न सकिएको छैन ।

१.५ वैदेशिक रोजगारीमा जान नसकेका तथा विदेशबाट फर्केका श्रमशक्तिलाई देशभित्रै उत्पादनशील रोजगारीका अवसरहरु सिर्जना गर्नु पनि चुनौतीपूर्ण रहेको छ । योजनावद्ध

विकास प्रयासबाट विगतमा निर्माण गरिएका भौतिक आधारशीलाहरुको मर्मत संभार तथा विद्यमान मानवीय संसाधनको अधिकतम उपयोग गरी आधारभूत आर्थिक क्रियाकलाप विस्तारको कार्य अझै अपेक्षित स्तरमा हुन सकेको छैन ।

१.६ सामाजिक सद्भाव र शान्तिका लागि साधन र श्रोतको न्यायोचित एवम् समतामूलक वितरण अपरिहार्य शर्त हो । आय असमानता झन बढ्दै गइरहेको चुनौतीपूर्ण अवस्थाको सन्दर्भमा सन्तुलित तथा फराकिलो आधारको आर्थिक क्रियाकलाप अभिवृद्धिमा विशेष जोड दिनु पर्ने देखिएको छ ।

१.७ नेपालमा कृषि प्रशोधन उद्योग, पर्यटन, जलविद्युत, मूल्यवान जडीवुटी प्रयोग गर्ने उद्योग, शिक्षा र स्वास्थ्य जस्ता उपलव्ध अवसरहरुको अधिकतम प्रयोग गरी आर्थिक वृद्धिदर उच्च गर्ने बृहत् संभावना रहेको छ। उपलव्ध विशिष्ट प्राकृतिक सम्पदाको दोहन एवं प्रशोधन गर्न आन्तरिक तथा वाह्य लगानी परिचालन गर्नु आवश्यक छ। लगानीको वातावरण सहज हुन नसकेको वर्तमान अवस्थामा सम्वन्धित सबैको ध्यान यसतर्फ आकर्षित गर्नु पर्ने हुन्छ। यी उद्योगमा हुने लगानीबाट बेरोजगारी न्यून गर्न तथा गरिबी घटाउन ठोस योगदान पुग्न सक्ने तथ्यप्रति सरोकारवाला सवैको चासो जगाउन नसकिएको अवस्था रहेको छ ।

१.८ कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको झण्डै एक-तिहाई योगदान रहनुका साथै ग्रामीण रोजगारीमा यसको उच्च योगदान रहेको छ। करिब ८० प्रतिशत जनता ग्रामीण क्षेत्रमा बसोवास गर्ने र आय आर्जनको मुख्य श्रोत नै कृषि रहेको हुँदा राष्ट्रिय अर्थतन्त्रमा यसको महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ। बढ्दो खाद्य संकटलाई ध्यानमा राख्दा कृषि क्षेत्र आत्मनिर्भर बन्नु पर्ने आवश्यकता रहेको छ। सिंचाइको प्रत्याभूति, प्राङ्गारिक मल, भण्डारण, उन्नत वीउ विजन, कृषि प्रसार सेवा तथा कृषि सडकको निर्माणलाई प्राथमिकता दिइएता पनि अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन ।

१.९ सडक यातायातमा अवरोध गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी आवागमन तथा ढुवानी कार्यमा सहजता ल्याई अर्थतन्त्रको लागत घटाउँदै प्रतिस्पर्धात्मक क्षमता बढाउन सके आर्थिक गतिविधिमा तीब्रता आउने स्पष्ट छ। औद्योगिक श्रम सम्बन्धमा समुचित सुधारका साथै औद्योगिक र व्यापारिक तथा अन्य व्यवसायिक क्षेत्रको विस्तार गर्नेतर्फ राष्ट्रिय प्राथमिकताका साथ कार्यक्रम कार्यान्वयन गर्नुपर्ने चुनौती छ ।

## २. सार्वजनिक वित्त

२.१ आर्थिक वर्ष २०६६/६७ मा पनि सरकारी वित्त क्षेत्रका मुख्य विशेषताहरुका रुपमा उत्साहजनक राजस्व परिचालन, तुलनात्मकरुपमा सन्तोषजनक पूँजीगत खर्च र न्यून घाटा उल्लेख्य रहेका छन् । विकास निर्माणका लागि साधन परिचालन बढाउन मुख्यरुपमा चालू खर्च र साँवा भुक्तानी खर्च पूरा गरी राजस्व वचतको परिमाण बढाउन राजस्व परिचालनको प्रक्रियालाई दिगोरुपमा गतिशील, सुदृढ, सक्षम र

उत्पादनशील बनाउनु पर्ने चुनौती देखिएको छ । आर्थिक विकासको उद्देश्य हासिल गर्न दिगो आधार सुनिश्चित गर्नको लागि बढी भन्दा बढी साधन पुँजीगत प्रयोजनको लागि प्रवाहित गर्नुपर्ने र कम प्राथमिकतायुक्त वा अनुत्पादनशील खर्च नियन्त्रण अपेक्षित रुपमा गर्न सकिएको छैन ।

२.२ सरकारी वित्त घाटालाई वाञ्छित सीमाभित्र राखी समग्र आर्थिक सन्तुलन एवं स्थिरता कायम गर्नु पर्ने आवश्यकता एकातर्फ छ भने अर्कोतर्फ जनताका असीमित आकांक्षा पूरा गर्ने क्रममा सरकारले गरेका प्रतिवद्धताहरुलाई मूर्तरुप दिन सार्वजनिक खर्च बढाउनु पर्ने आवश्यकता छ। यी दुई अवस्थाहरुबीच तादात्म्य मिलाई अर्थतन्त्रको रुपान्तरणको प्रक्रियालाई ठोस रुपमा क्रियाशील बनाउनु पर्ने चुनौती रहेको छ ।

२.३ सरकारी क्षेत्रबाट सञ्चालित हुने विकास-निर्माणका कार्यहरुको लागि आवश्यक पर्ने साधनको लागि वैदेशिक सहायतामाथिको अत्यधिक निर्भरताले अर्थतन्त्रको दीर्घकालीन संरचना र समष्टिगत आर्थिक सन्तुलनमा पार्न सक्ने नकारात्मक प्रभाव र सोबाट देशको विकास प्रयासको स्वस्थता, स्थिरता र सुदृढतामा पर्न सक्ने सम्भावित जोखिमहरुको परिप्रेक्ष्यबाट हेर्दा पनि राजस्व परिचालनमा थप जोड दिनु पर्नेछ । आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याई साधनको उच्चतम उपयोग हासिल गर्न, वैदेशिक सहायता अन्तर्गत उत्पादनशील अनुदानको परिमाण बढाउन, चालू खर्च व्यवस्थापनमा सुधार गर्न तथा पुँजीगत खर्च विस्तारमा तदारुकता ल्याउन आवश्यक देखिन्छ ।

२.४ कुल गार्हस्थ्य वचत र लगानीबीचको बढ्दो असन्तुलनको कारण भविष्यमा एकातर्फ विकास-निर्माणको नियमित प्रक्रियामा अड्चनहरु आउने र अर्कोतर्फ साधन व्यवस्थापन तथा विदेशी ऋण सेवाको कार्यमा जटिलताहरु थपिने हुन्छ । तसर्थ, विदेशी ऋण तथा सेवाको दायित्वलाई सरकारी वित्त क्षेत्र तथा समग्र अर्थतन्त्रको लागि दिगोरुपमा कावुमा राख्न मुख्य रुपमा अनावश्यक उपभोगमा नियन्त्रण गरी कुल गार्हस्थ्य वचत अनुपातमा वृद्धि गर्ने, अनुत्पादक चालू खर्चमा नियन्त्रण गर्ने र विकास खर्चको उत्पादनशील प्रयोग बढाउनेतर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

२.५ राजस्व परिचालनको कार्यलाई गतिशील बनाउन हालका वर्षहरुमा राजस्व परिचालनको प्रवृत्ति उत्साहजनक रहेको छ। यो स्थितिलाई कायम राख्नका लागि राजस्वको प्रमुख संयन्त्रको रूपमा रहेको कर राजस्व र त्यसमा पनि मूल्य अभिवृद्धि कर र आयकरको परिचालन बढाउन कर चुहावटका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी सोको नियन्त्रणमा प्रभावकारिता ल्याउनु पर्ने चुनौती रहेको छ। राजस्व प्रशासनको चुस्तता, कार्यदक्षता तथा व्यवसायिकता अभिवृद्धि गर्नु अपरिहार्य हुने भएकोले यसतर्फ अपेक्षित उपलब्धि हासिल गर्न आवश्यक व्यवस्थाहरु कार्यान्वयनमा ल्याउनु पर्ने चुनौती छ ।

२.६ राजस्व परिचालनमा विगतमा हासिल भएका उपलब्धिलाई संस्थागत गर्नु चुनौतीपूर्ण रहेको छ । यस प्रसङ्गमा केन्द्रीय राजस्व बोर्डको अवधारणालाई मुर्तरुप दिन सकिएको छैन ।

## ३. मूल्य तथा आपूर्ति

३.१ उपभोक्ता मूल्य सूचकाङ्कमा बढी भार भएको खाद्य तथा पेय पदार्थ समूहको सूचकाङ्क विगत वर्षदेखि नै दुई अंकको दरले बढीरहेको छ । विश्व र भारतमा खाद्यान्नको उच्च मूल्य वृद्धि, यो वर्ष खाद्य उत्पादनमा आएको ह्रास, उच्च जनसंख्या वृद्धिदर र आपूर्ति व्यवधान मूल्य वृद्धिका प्रमुख कारणहरु हुन् । यी समस्याहरू न्यूनीकरण गर्न कृत्रिम अभाव सृजना गर्ने एवं मूल्यमा अस्वाभाविक परिवर्तन ल्याउने, मिलोमतोमा विक्री वितरण गर्ने जस्ता उपभोक्ताको हित विपरित हुने क्रियाकलापहरूलाई नियन्त्रणमा ल्याई बजार मूल्य निर्धारण हुने परिपाटी विकास गर्न बजार अनुगमन कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउनु पर्ने चुनौती रहेको छ ।

३.२ न्यून आर्थिक वृद्धिदरका कारण आर्थिक विकासको गति सुस्त रहेको अवस्थामा विगत दुई वर्ष यता आएर निरन्तर रुपमा दोहोरो अंकको उच्च मूल्य वृद्धि हुनु दुखःद संयोग हो । यसबाट क्रयशक्ति क्षमता र जीवनस्तरमा पर्न गएको प्रतिकूल प्रभावले गर्दा समग्र आर्थिक व्यवस्थापनको दक्षतामा ठूलो प्रश्न चिन्ह लाग्न गएको छ। तसर्थ, अर्थतन्त्रको विस्तारमा गति दिन विकास प्रयास र लगानी तथा नियमनका क्षेत्रमा व्यापक सुधारको आवश्यकता एकातर्फ छ भने अझ महत्वपूर्ण कुरा बन्द, हड्ताल, चक्काजाम, उर्जा संकट, श्रम समस्या जस्ता व्यवधानहरुका कारण अर्थतन्त्रले अत्यन्तै गम्भिर प्रकृतिको प्रतिकूल आपूर्ति झड्का (Adverse Supply Shock) व्यहोर्नु परिरहेको बिडम्वना छ ।

३.३ विश्व वजारमा पेट्रोलियम पदार्थको मूल्यमा उतारचढाव आउँदा सोको असर नेपालको मूल्य स्थितिमा पनि पर्ने गरेको छ। पेट्रोलियम पदार्थको मूल्य स्वतः समायोजन हुने पद्धति अवलम्वन गर्न सके विगतमा जस्तै एक्कासी चर्को मूल्यवृद्धिको समस्या रोक्न सकिने हुँदा स्वतः मूल्य समायोजन प्रणाली अवलम्वन गर्नुको विकल्प छैन ।

३.४ मुद्रास्फीतिका कारणहरु मध्ये चिनी तथा चिनीजन्य वस्तुका साथै दलहन र खाद्यान्नको मूल्य बृद्धि हुँदै जानु पनि प्रमुख हो। चिनीको यथेष्ट आपूर्ति गर्न अल्पकालीन रुपमा आयात गर्नुपर्ने र दीर्घकालीन समाधानको रूपमा आन्तरिक उत्पादनलाई बढाउनु पर्ने हुन्छ। यसको निमित्त सरकारी, निजी एवम् दुवै क्षेत्रको संयुक्त प्रयासलाई समुचित विकास गर्ने, चिनी कारखानाहरूको नियमित सञ्चालन सुनिश्चित गर्ने र उखु खेतीको विस्तार गर्नुपर्ने चुनौती रहेको छ।

३.५ विगतमा जस्तै विश्वव्यापीरूपमा आउने खाद्यान्न संकटको समस्यालाई निराकरण गर्न मौजुदा भण्डारण अवस्थामा सुधार गर्न आवश्यक देखिन्छ। साथै, खुला सिमानाका कारण नेपालका उत्पादन भण्डारणका लागि सीमावर्ती भारतीय बजारमा लैजाने गरिंदा मूल्यमा दोहोरो चाप देखापरेको छ। यस समस्याको निराकरण गर्न सरकारी वा निजी क्षेत्रको संलग्नतामा विभिन्न मध्यवर्ती क्षेत्रहरुमा अत्यावश्क नुन, तेल, चिनी, दाल एवं

खाद्यान्नको भण्डारण व्यवस्था मिलाई आपूर्ति व्यवस्थापन नियमित गराउने चुनौती अद्यापि रहेको छ ।

३.६ मुद्रास्फीतिको प्रमुख कारणको रुपमा मौद्रिक विस्तार रहेको छैन । तापनि, मौद्रिक विस्तारका कारण मूल्यमा पर्न सक्ने चापको निरन्तर विश्लेषण गर्दै यसमा निरन्तर निगरानी राख्नु पर्ने हुन्छ। मौद्रिक नीतिको मूल उद्देश्य मूल्य स्थायित्व कायम गर्ने रहेकोले मौद्रिक व्यवस्थापन प्रभावकारी हुनु पर्नेमा कसैको दुई मत हुन सक्दैन । तसर्थ, मौद्रिक व्यवस्थापनबाट मूल्य स्थायित्व कायम गराउनको लागि मौद्रिक नीति कार्यान्वयनको प्रमुख उपकरणको रुपमा रहेको खुला बजार कारोवार सञ्चालन (Open Market Operations) लाई अझ बढी प्रभावकारी बनाउदै लैजानु पर्ने चुनौती रहेको छ ।

३.७ हाल नेपालका केही दुर्गम स्थानहरूमा खाद्यान्न, नुन, तेल, चिनी, दाल लगायतका अत्यावश्यक वस्तुहरूको आपूर्तिमा कठिनाई उत्पन्न भएकाले यसका लागि सरकारी वा निजी क्षेत्रको संलग्नतामा विभिन्न भण्डारण केन्द्रको स्थापना गरी त्यस्ता अत्यावश्यक वस्तुको मौज्दात राखी सहज मूल्यमा आपूर्ति गर्ने वातावरणको सृजना गर्नु आवश्यक छ । तरकारी, फलफुल जस्ता शीघ्र नाश हुने कृषि उपजहरूको ढुवानीका लागि वातानुकुलित उपकरणहरू जडान गर्ने व्यवस्था मिलाउनु आवश्यक छ ।

३.८ देशभरी विस्तार भएका सहकारी संस्थाहरूको उचित व्यवस्थापन र परिचालनबाट वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापनमार्फत् मूल्य नियन्त्रण गर्न सकिने हुँदा सहकारी संस्थाहरूको विकास र व्यवस्थापन गरी वस्तु तथा सेवाको सहजरुपमा थोक तथा खुद्रा आपूर्ति व्यवस्था गर्नुको साथै सुपथ मूल्य पसल, सहकारी पसल सञ्चालन गर्ने र त्यसको प्रभावकारी रूपमा अनुगमन गर्नु पर्ने देखिन्छ । तसर्थ, सहकारी संस्थाहरुको विकास र व्यवस्थापन गरी वस्तु तथा सेवाको समुचित आपूर्ति र बिक्री वितरणमा प्रभावकारिता ल्याइनु पर्ने चुनौती रहेको छ ।

## ४. मुद्रा तथा बैंकिङ्ग

४.१ बैंक तथा वित्तीय संस्थाहरुको स्थापना र संचालनको बढ्दो क्रमसंगै मुलुकको वित्तीय प्रणाली थप प्रगाढ हुंदै गएको छ। कार्य-प्रकृतिका आधारमा बैंकिङ्ग व्यवसाय उच्च जोखिममा संचालन हुने क्षेत्र भएकोले व्यवसायको विस्तारसँगै जोखिमको बढ्दो प्रवृत्तिलाई समेत अनुगमन गर्दै समग्र वित्तीय क्षेत्रलाई सबल र सक्षम बनाउन नियमन र सुपरिवेक्षणको दायरा अझ फराकिलो तथा प्रभावकारी बनाउनु पर्ने चुनौती रहेको छ। साथै, संस्थागत सुशासन तथा स्वःनियमन सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउंदै लैजानु पर्ने आवश्यकता रहेको छ ।

४.२ नेपालको बैंकिङ्ग क्षेत्रमा ठूलो बजार अंश ओगट्ने नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको स्थितिमा सुधार ल्याउन केही वर्षदेखि वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत पुनर्संरचनाको कार्य भईरहेको छ। यसबाट यिनीहरूको वित्तीय स्थितिमा केही सुधार आएपनि दुवै बैंकको पुंजीकोष अझै पनि नकारात्मक रहेको छ ।

यी दुई बैंकहरुको पूँजी पर्याप्तताका लागि आवश्यक व्यवस्था गर्नु पर्ने चुनौती रहेको छ ।

४.३ मुलुकको आर्थिक विकासको लागि बचत परिचालन प्रोत्साहित गर्न, परिचालित बचतलाई पुँजी निर्माणमा लगाउन, बैंक तथा वित्तीय संस्थाहरुको विश्वसनीयता बढाउन, सर्वसाधारण निक्षेपकर्ताको हित संरक्षण गर्दै बैंक तथा वित्तीय संस्थाहरुप्रतिको विश्वसनीयता अभिवृद्धि गर्न एवं अन्तर्राष्ट्रिय वित्तीय जगतमा देखिएको सकारात्मक पक्षलाई आत्मसात गर्न समेत निक्षेप वीमा योजनाको शीघ्र कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ। यसबाट वित्तीय क्षेत्रमा देखिन सक्ने नैतिक जोखिम प्रति त्यतिकै रुपमा सजग रहनुपर्ने अवस्था पनि छ । निक्षेप वीमा योजनालाई बढी भन्दा बढी व्यक्ति तथा समुदायमा पुऱ्याउन अविलम्ब निक्षेप वीमा/सुरक्षण ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु समेत आवश्यक छ ।

४.४ लघु वित्त कारोवार गर्ने विकास बैंक, बचत तथा ऋण सहकारी संस्था तथा गैरसरकारी संस्थाहरुको नियमन तथा अनुगमन गर्न लघु वित्तसम्बन्धी छाता ऐन जारी गरी सो ऐन अन्तर्गत दोस्रो तहको नियमन संस्था स्थापना गरी उक्त संस्थाबाट लघु वित्त कारोवारमा संलग्न संस्थाहरूको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाउनु अत्यन्त आवश्यक भईसकेको छ ।

४.५ लघुवित्त नीति, २०६४ को प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने ऐन नियम, निर्देशिका तथा कार्यक्रमहरूको तर्जुमा गरी तत्काल कार्यरुपमा उतार्नु पर्ने देखिन्छ । दुर्गम ग्रामीण तथा विपन्न क्षेत्रमा लघु वित्तीय र सहकारी संस्थाहरू मार्फत वित्तीय साधन र सेवाको पहुँच बढाउन ग्रामीण स्वावलम्बन कोषमा दिगो वित्तीय स्रोतको व्यवस्था गर्नुपर्ने चुनौती रहेको छ। साथै, दुर्गम तथा पहाडी क्षेत्रमा विकास बैंक एवं लघुवित्त विकास बैंक खोल्ने कार्यलाई प्रोत्साहित गरिने नीतिलाई निरन्तरता दिनु आवश्यक छ ।

४.६ निष्कृय कर्जाको स्तरलाई घटाउने उपायको रूपमा ऋण असुली न्यायाधीकरणलाई सुदृढीकरण गर्ने तथा सम्पत्ति व्यवस्थापन निगम स्थापना गर्नको लागि आवश्यक व्यवस्थापन गर्नुपर्ने चुनौती रहेको छ ।

४.७ सुरक्षित कारोबार ऐनको भावना एवं मर्मलाई मूर्तरुप दिन सुरक्षित कारोबार दर्ता कार्यालय सञ्चालनमा ल्याउन आवश्यक भएको छ।

४.८ वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत कर्जा सूचना केन्द्र लिमिटेडलाई स्वचालित एवं यान्त्रिकीकरण गर्ने योजना रहेकोले यस सम्बन्धी कार्यलाई प्राथामिकतामा राखी तोकिएको समयभित्रै सो कार्य पूरा गर्न आवश्यक छ।

४.९ बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय उपलब्धिको मूल्याङ्कन गर्दै कार्य संचालनका विविध पक्षहरुमा पारदर्शिता ल्याउनु आवश्यक भएकोले शाख मूल्याङ्कन संस्था (Credit Rating Agency) को स्थापना जरुरी छ । यस्तो प्रकृतिको संस्थाको स्थापनाबाट बैंक तथा वित्तीय संस्थाहरू तथा अन्य संगठित संस्थाहरू समेतको उपलव्धिको मूल्याङ्कन

हुने हुँदा सबै सरोकारवालाहरू लाभान्वित हुने, वित्तीय क्षेत्रलाई बजार प्रक्रियामार्फत् नियन्त्रण गरी प्रतिस्पर्धी बनाउन र वित्तीय स्थिरता कायम गर्न सहयोग पुग्ने हुंदा ख्यातिप्राप्त विदेशी संस्था समेतको संयुक्त लगानीमा देशभित्र एउटा शाख मूल्याङ्कन संस्थाको स्थापना गर्नु उपयुक्त हुने देखिएको छ ।

४.१० वित्तीय मध्यस्थताकर्ताको स्वीकृति नै नलिई कतिपय संस्थाहरूले नेटवर्क मार्केटिङ्ग र सेवा प्रवाहका नाममा निक्षेप, बीमा, शेयर र स्वास्थ्य सम्बन्धी कारोवारका अतिरिक्त वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरू समेतबाट साधन परिचालन गरिरहेको जानकारीमा आएकोले सम्बद्ध सबै सरोकारवाला निकायहरुको संयुक्त प्रयासबाट यस्ता कार्यहरु रोकी आवश्यक  कार्वाही गर्नु जरूरी छ ।

## ५. पुँजी बजार

५.१ लगानीकर्ताहरूलाई अपेक्षित रुपमा धितोपत्र तथा बजारको सम्भावना सम्बन्धी सल्लाह सुझाव समेत उपलब्ध नहुंदा धितोपत्रमा गरिने लगानी बढी जोखिमयुक्त हुँदै गएको परिप्रेक्ष्यमा बजारमा नयाँ दलाल व्यवसायीहरूको प्रवेश गराउँदै धितोपत्र खरिद-बिक्री सेवालाई दक्ष एवं प्रतिस्पर्धी बनाई धितोपत्र बजारप्रति सर्वसाधारण लगानीकर्ताहरूको विश्वास बढाउनु आवश्यकता छ ।

५.२ नेपाल धितोपत्र बोर्डको संस्थागत क्षमता अभिवृद्धिका लागि भौतिक पूर्वाधारको विकास, आर्थिक सञ्चालन सम्बन्धी नियमहरूमा स्वायत्तता, बोर्डको कानुन प्रवलीकरण, दक्ष एवं प्राविधिक जनशक्तिको पर्याप्त व्यवस्था तथा आन्तरिक सुशासन प्रणालीमा सुधार गरी नेपाल धितोपत्र बोर्डलाई धितोपत्र बजारको सशक्त नियमन निकायका रुपमा स्थापित गर्ने कार्यलाई जोड दिनुपर्ने हुन्छ ।

५.३ सरकारी विकास ऋणपत्रको प्राथमिक निष्कासनको खरिदमा ९९ प्रतिशत भन्दा बढी सङ्गठित संस्थाहरूको सहभागिता हुंदाहुँदै पनि यसको दोस्रो बजार कारोवार सुविधा सम्बन्धमा सर्वसाधारण लगानीकर्ताको अनभिज्ञताका कारणले यसको दोस्रो बजार कारोवार सक्रिय हुन सकिरहेको छैन । यस सन्दर्भमा सर्वसाधारण लगानीकर्ताहरूलाई विकास ऋणपत्रको प्राथमिक निष्कासनमा सहभागी गराउँदै दोस्रो बजार कारोवार तथा विकास, यसमा निहित जोखिम एवं लाभ सम्बन्धमा प्रशिक्षण दिन र यस सम्बन्धमा पर्याप्त प्रचारप्रसार गरी आम लगानीकर्ताको चासो अभिवृद्धि गर्नु अपरिहार्य भएको छ ।

५.४ नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, पेन्सन योजना तथा बीमा कम्पनीहरू जस्ता संझौतामूलक संस्थागत लगानीकर्ताहरूलाई उपयुक्त हुने लगानी साधनहरूको अभाव भइरहेको वर्तमान अवस्थामा संस्थागत क्षेत्रबाट डिवेञ्चर जारी गरी ऋण पुँजी उठाउने तथा सामुहिक लगानी योजना र एकांक योजनाको निष्कासन एवं व्यवस्थापन कार्यको स्पष्ट नियमन व्यवस्था गरी धितोपत्र वजारमार्फत संस्थागत लगानीकर्ताहरूलाई उपयुक्त लगानीको साधन उपलब्ध गराउन वाञ्छनीय देखिन्छ । साथै, नागरिक लगानी कोष तथा कर्मचारी सञ्चय कोष जस्ता ठूलो परिमाणमा

दीर्घकालीन बचत परिचालन गर्ने संस्थाहरूमा आधुनिक वित्तीय सिद्धान्त अनुसार कोष व्यवस्थापन कार्य गर्ने र यस्ता संस्थाहरूसंग रहेको रकमलाई पुँजी बजार मार्फत दीर्घकालीन प्रतिफलजन्य उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

५.५ दक्षिण एशिया क्षेत्रमा अन्तर्राष्ट्रिय सूचिकरण तथा कारोवारको अवधारणा विकास भइरहेकोमा हाल सुरुवात गरिएको विद्युतीय कारोवार प्रणालीलाई भरपर्दो, धितोपत्रको नामसारी तथा हक हस्तान्तरण प्रकृयालाई छिटोछरितो एवं कारोवारमा संलग्न लगानीकर्ताहरूको सहज पहिचान हुने व्यवस्थाका लागि स्वायत्त र प्रतिस्पर्धी धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली स्थापना गर्नु आवश्यक छ । साथै, गैर-आवासीय नेपाली तथा वैदेशिक संस्थागत लगानीकर्ताहरूलाई पनि खुला गरी यस सम्बन्धी सेवालाई देशव्यापी एवं अन्तर्राष्ट्रियकरण गर्ने कार्य पनि चुनौतीपूर्ण रहेको छ ।

५.६ देशका कतिपय उद्योग व्यवसायहरू निजीरुपमा सञ्चालित भैरहेको तथा पव्लिक कम्पनीमा समेत संस्थागत संस्कृतिको उचित विकास हुन नसकेको सन्दर्भमा विश्वसनीय एवं भरपर्दो निजी क्षेत्रको विकास गर्न संस्थागत सुशासनका सिद्धान्त तथा मर्यादाहरूको विकास गरी प्रभावकारी रुपमा लागु गर्नुपर्ने आवश्यकता रहेको छ ।

५.७ सूचीकृत सङ्गठित संस्थाहरूले समयमै वित्तीय विवरणहरूको लेखा परीक्षण नगराउने, लेखा परीक्षण गरिएका विवरणहरू पनि तुलनायोग्य नहुने, बजार मूल्यलाई प्रभाव पार्ने सम्वेदनशील सूचना तथा जानकारीहरू आफ्नो अनुकूल हुने गरी सार्वजनिक गर्ने जस्ता अभ्यास एवं प्रवृत्तिमा सुधार ल्याउन अन्तर्राष्ट्रिय वित्तीय विवरण मान प्रवाहस्तर (International Financial Reporting Standards-IFRS) लागु गरी समग्र संस्थागत क्षेत्रलाई पारदर्शी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

५.८ वित्तीय क्षेत्रमा बढ्दै गएको जटिलता एवं पुँजी बजारको विकासको सम्भावनालाई दृष्टिगत गरी केन्द्रीय निक्षेप प्रणालीलाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरुको पुँजीकोष सवलीकरण गर्न स-साना कम्पनीहरुलाई एक आपसमा गाभ्न प्रोत्साहन गर्ने नीतिका लागि कानूनी अवरोधहरु कम गर्नु आवश्यक भएको छ ।

५.९ संस्थागत ऋणपत्र, सामुहिक लगानी कोष तथा डिपोजिटरी सेवामा सहभागी हुने हितग्राहीको हित सुरक्षाका लागि ट्रष्टीको अपरिहार्यता रहेको परिप्रेक्ष्यमा ट्रष्टीको नियमन सम्वन्धमा कुनै व्यवस्था नहुंदा धितोपत्र वजार विकासमा समेत प्रतिकूल असर परिरहेकाले ट्रष्टी सम्बन्धी छुट्टै ऐन तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको छ ।

५.१० हाल Commodity तथा Future कारोवारले पनि क्रमशः आकार ग्रहण गरिरहेको सन्दर्भमा यस सम्बन्धी कारोवारहरुलाई प्रचलित कानुनको अधीनमा रहने गरी नियमन

र नियन्त्रणको दायरामा ल्याई नियमित अनुगमन र विश्लेषण गर्ने प्रयोजनार्थ कानुनी तथा नीतिगत ब्यवस्था हुनु आवश्यक भएको छ ।

५.११ प्राथमिक बजारमा धितोपत्रको मूल्य निर्धारणको आधुनिक प्रकृया (Book Building Process आदि) को अभाव भई अंकित मूल्यमा धितोपत्र निष्कासन हुंदा निष्कासित धितोपत्र खरिदमा अत्यधिक चाप पर्नुका साथै दोस्रो बजार मूल्यमा अत्यधिक उतारचढाव आउने गरेको छ । बजारमा सेयर कारोवारको बाहुल्यता रही अन्य प्रकारका धितोपत्रको प्रयोग तथा कारोवार न्यून हुनु तथा Option, Future र Hedge Fund आदिको अभाव, एकीकृत ऋणपत्र बजारको अभाव, बजारमा संस्थागत लगानीकर्ताको अनुपस्थिति तथा साख मूल्यांकन संस्था जस्ता धितोपत्र बजारका आधारभूत पूर्वाधारको अभाव, दोस्रो बजार कारोवार सेवा छनौट अवसरको अभाव, बजार सूचना प्रवाह तथा संस्थागत सुशासनको कमजोर स्थिति, स-साना लगानीकर्ताहरुमा यस सम्बन्धी जानकारी एवं सूचनाको पहुंचमा कमी र नियमन निकायको बजार अनुगमन तथा सुपरीवेक्षण क्षमताको कमीका कारण धितोपत्र बजार स्थिर एवं विश्वसनीय हुन सकेको छैन । बजारमा रहेका यी कमी कमजोरीहरुमा सुधार ल्याई धितोपत्र बजारलाई पुँजी परिचालनको महत्वपूर्ण संयन्त्रको रुपमा विकास गर्नु आवश्यक छ ।

## ६. वाह्य क्षेत्र

६.१ निर्यातको वृद्धिदर ऋणात्मक रहेको तथा आयात उच्च दरले बढी व्यापार घाटा उल्लेख्यरुपमा बढेको एवं समग्र शोधनान्तर स्थिति समेत घाटामा रहेको वर्तमान स्थितिमा नीतिगत, संस्थागत र संरचनागत सुधार गरी निर्यात प्रवर्द्धनमा केन्द्रित हुनु जरूरी छ । नेपालले एकातर्फ निर्यात सम्भावना भएका वस्तुहरूको पहिचान, त्यस्ता वस्तुको लागि उचित बजारको खोजी र वस्तुको प्रतिस्पर्धात्मक क्षमता बढाउँदै बजारको साथै वस्तु विविधिकरणमा जोड दिई निर्यात प्रवर्द्धन गर्नु जरूरी छ भने अर्कोतर्फ चामल, दुध, फलफूल, तरकारी लगायत कृषिजन्य वस्तुहरू र सीमेन्ट लगायतका निर्माण सामग्रीहरुको स्वदेशमै उत्पादन विस्तार गरी आयात प्रतिस्थापन गर्नु जरुरी छ ।

६.२ नेपालको प्रमुख निर्यातयोग्य वस्तुको रुपमा रहेका तयारी पोसाक, पश्मिना, गलैचाको अन्तर्राष्ट्रिय वजारमा तिव्र प्रतिस्पर्धा रहेको सन्दर्भमा लागतमा केही मात्रामा भएपनि कमी ल्याउनका लागि उपरोक्त वस्तुहरूको लागि सुख्खा बन्दरगाह नजिक तयारी पोशाक प्रशोधन क्षेत्रको स्थापना गर्नु जरूरी छ । यसको साथै प्रमुख निर्यातमूलक वस्तुमध्ये विशेष गरी तयारी पोशाक, गलैचा तथा अन्य सम्भावित वस्तुहरूको युरोपेली वजार र भारतमा निर्यात वृद्धिको लागि उपयुक्त रणनीति अवलम्वन गर्नु जरुरी छ । पछिल्लो समयमा भारततर्फ समेत निर्यात हुन थालेको तयारी पोशाकलाई भारत सरकारले बेला-बेलामा लगाउने गरेको अतिरिक्त शुल्कले प्रभावित गर्ने गरेको हुँदा त्यस्ता अवरोधहरू हटाउन सशक्त पहल हुनु जरूरी छ ।

६.३ व्यापार सम्झौतामा सामुहिक रुपमा भन्दा द्विपक्षीय वार्ताबाट सुविधा र सहुलियत प्राप्त गर्न सहज हुने सन्दर्भमा प्रमुख व्यापारिक साझेदार मुलुकहरूसँग Bilateral Preferential Agreement/Negotiation गरी निर्यात प्रवर्द्धनमा जोड दिनु आवश्यक छ । व्यापार वार्ता र समूहहरूमा अल्पविकसित राष्ट्रको समूहमा मात्र नभई भूपरिवेष्ठित राष्ट्रको समूह वनाई सो मार्फत सहुलियत प्राप्त गर्नेतर्फ लाग्नु पर्ने देखिन्छ ।

६.४ अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि वस्तुको Branding महत्वपूर्ण हुने भएकोले चिया, कफी जस्ता वस्तुमा छिटोभन्दा छिटो सरकारले Branding का लागि स्वीकृति प्रदान गर्नुपर्ने देखिन्छ । हस्तकलाका वस्तुमा रहने धातुको गुणस्तर परीक्षण र प्रमाणीकरणका लागि सरकार र निजी क्षेत्रको सहभागितामा अन्तर्राष्ट्रियस्तरको प्रयोगशाला निर्माण गर्नु जरूरी छ । प्रांगारिक मल र जैविक विषादीमात्र प्रयोग गरेर उत्पादन गरिएका नेपाली वस्तुहरु (उत्पादन) विशेष गरी चिया तथा कफीलाई गुणस्तरीय र जैविक हो भनेर प्रमाणित गर्ने आधिकारिक निकायको व्यवस्था हुनुपर्ने देखिन्छ । नेपालमा उत्पादन हुने निर्यातयोग्य कृषि उपजहरूको आवश्यक गुणस्तर परीक्षणका लागि अन्तर्राष्ट्रिय मान्यता हुने किसिमको क्वारेन्टाइन परीक्षण विन्दुहरू स्थापना गरी निर्यात व्यापारलाई सरलीकरण गर्नु जरूरी छ ।

६.५ भारतको दिल्लीमा फूल वा Cutflower को माग उच्च रहेको र अन्य टाढाका राज्यबाट आपूर्ति हुदै आएको सन्दर्भमा उक्त वजारबाट फाइदा प्राप्त गर्न नेपालको सुदुर पश्चिमाञ्चल क्षेत्रमा पुष्पखेती (Floriculture) को व्यापक विस्तार गर्न चाहिने प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउने नीति तथा कार्यक्रमको अभाव रहेको देखिन्छ ।

६.६ नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा छुट्टै पर्यटन ब्राण्डको रुपमा परीचित गराई अनुपम गन्तव्यस्थलको रुपमा स्थापित गर्ने उद्देश्यले नेपाल सरकारले सन् २०११ लाई नेपाल पर्यटन वर्ष मनाउने भएको छ । यस सन्दर्भमा पर्यटन प्रवर्द्धन, पर्यटकीय पूर्वाधारको विकास, पर्यटन उद्योगको विविधीकरण, व्यापक प्रचार प्रसार, अन्तर्राष्ट्रिय क्षेत्रमा सही सूचना प्रवाह गरी पर्यटकलाई पर्याप्त रुपमा सुसूचित गर्दै नेपालबारे रहेको अनभिज्ञता र अनर्गल प्रचार हटाई पर्यटकहरूको आगमन संख्या बढाउने, बसाई अवधि लम्ब्याउने र गुणस्तरीय पर्यटनलाई प्रोत्साहित गर्न पर्याप्त मात्रामा प्रयास गर्न सकिएको छैन ।

६.७ चीनिया तथा भारतीय पर्यटक भित्र्याउनका लागि स्थल तथा हवाई यातायात सेवाको विस्तार, छिमेकी मुलुकका पर्यटकलाई नेपाल प्रवेश शुल्कमा सहुलियत एवं सहजीकरण र प्याकेज टुरिजम् कार्यक्रम जस्ता नीतिको अभाव रहेको छ ।

६.८ शिक्षा तथा स्वास्थ्य सेवा क्षेत्र मार्फत् वर्षेनी अर्बौ रकम बाहिरिरहेको वर्तमान सन्दर्भमा यी क्षेत्रहरुको गुणस्तर वृद्धि गर्न तथा क्षमता वढाउन नसकिएको अवस्था छ ।

६.९ नेपाल आउने र जाने यात्रुहरूको चाप वढ्दै गएकोले नयाँ-नयाँ विदेशी विमान कम्पनीहरूले काठमाडौंको लागि हवाई सेवाको विस्तार गरिरहेका छन् । बैदेशिक रोजगारी तथा शिक्षा जस्ता कामका कारणले विदेश जाने आउने क्रम वढेको छ ।

यसरी निरन्तर हवाई यात्रुको संख्यामा वृद्धि भएपनि नेपालको एक मात्र राष्ट्रिय ध्वजाबाहकको क्षमता भने निरन्तर घटीरहेकोले नेपालले आर्जन गर्नसक्ने विदेशी मुद्राको वृद्धिदरमा पनि कमी आइरहेको छ ।

६.१० गिट्टी, ढुंगा, बालुवा नेपालबाट प्रमुख रुपमा निर्यात हुदै आएका वस्तुहरू हुन् । यस्ता वस्तुहरूको निर्यातबाट एकातिर खेर गईरहेका वस्तुको व्यापारबाट विदेशी मुद्रा आर्जन भएको छ भने अर्कोतिर जथाभावी खन्ने झिक्ने कार्यले वातावरणलाई नकारात्मक प्रभाव पर्ने हुन्छ । यसको दीर्घकालीन उपयोग र वातावरणीय संरक्षणलाई समेत प्रत्याभूति हुने गरी आवश्यक नियमन सहित निर्यात गर्ने व्यवस्था गर्नु जरुरी छ ।

६.११ विदेशी मुद्रा आम्दानीको प्रमुख स्रोतको रुपमा रहेको विप्रेषणलाई वृद्धि गरी दीगो बनाउन र लगानीमूलक कार्यमा परिचालित गर्न नीतिगत, संस्थागत र संरचनागत सुधार गर्नु आवश्यक छ । विशेष गरेर श्रम सम्झौताको कार्यान्वन गर्ने, सकेसम्म अर्ध-दक्ष र दक्ष कामदारलाई मात्र पठाउने, वैदेशिक रोजगारीमा जानेहरूको लागि विशेष राहदानीको व्यवस्था गरी त्यसैको आधारमा सटही सुविधा, ब्याजदर, भन्सार सुविधा जस्ता कुरामा केही आकर्षण प्रदान गर्ने र आर्जन गरी पठाउने/ल्याउने रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने/गराउने वातावरण निर्माण गर्न सकिएको छैन ।

६.१२ अन्तर्राष्ट्रिय व्यापारबाट तुलनात्मक लाभ लिनका लागि उचित रणनीति तर्जुमा गर्न तथा सरकारी नीति-नियम कार्यान्वयनका सम्वन्धमा आउन सक्ने व्यवधानहरूलाई समेत सम्वोधन गर्न एक उच्चस्तरीय संयन्त्र गठन गर्नु पर्ने देखिन्छ । यसलाई अन्तर्राष्ट्रिय उपभोक्ताको रूचीमा आउने परिवर्तन र व्यापारिक प्रवृत्तिको अध्ययन, अनुसन्धान र विश्लेषण गरी निर्यातयोग्य वस्तुको डिजाइन तथा विकास केन्द्रको रुपमा समेत काम गराउनु पर्ने चुनौती रहेको छ ।

## ७. गरिबी निवारण र रोजगारी

७.१ मुलुक पुनःसंरचना र रुपान्तरणको बाटोमा अग्रसर भइरहेको वर्तमान अवस्थामा जनताका अधिकार, पहुंच र समतामूलक नीति र कार्यक्रममार्फत गरिवीको पासोमा जकडिएका तथा युगौंदेखि दविएका, पछाडि पारिएका, किनारा लगाइएका नागरिक र क्षेत्रलाई केन्द्रित गर्दै अघि वढ्नु पर्ने चुनौती रहेको छ। विद्यमान राज्य संरचना, तद्जनित पारिवारिक, सामाजिक, सास्कृतिक, धार्मिक, कानुनी पद्धतिलाई गरिव र विपन्नतम लिंग, वर्ग तथा क्षेत्रमुखी हुने गरी पुनर्मूल्यांकन र पुनसंरचित गर्नुपर्ने स्थिति छ। राष्ट्र-राज्य, शक्ति सम्वन्ध र शासनको पुनर्परिभाषा गर्दै अधिक गरिवमुखी, न्यायपूर्ण, प्रभावकारी जन सन्निकटका साथै स्वसमावेसीको अनुभूति हुने स्थितिको सिर्जना गर्ने कठिन कार्यभार मुलुकका सामु विद्यमान छ।

७.२ द्वन्द, द्वन्द्वको विस्तारित रुप तथा द्वन्द्वोत्तर अवस्थामा जनताको क्षेत्रगत चलायमानता (Spatial mobility) वढेको र सोको चाप नगर तथा अधिक सुविधा एवम् सुरक्षित स्थलतर्फ केन्द्रित रहेकोले यसबाट बढेको शहरी गरिबीजन्य समस्यालाई संवोधन गर्नुपर्ने चुनौती छ ।

७.३ देशमा उत्पादनमूलक रोजगारीको अवस्था कमजोर रहेको, औद्योगिक क्षेत्र संकुचित रहेको, विप्रेषणको स्थितिले पर निर्भरता वढेको, भूमिहिनको समस्या रहेको अवस्थामा विद्यमान गरिबीलाई न्यूनीकरण गर्ने नीति तथा कार्यक्रमलाई निरन्तरता दिई धनी र गरिब बीचको अन्तरलाई कम गर्दै जाने कार्य चुनौतीपूर्ण रहेको छ ।

७.४ विपन्न वर्ग, क्षेत्र, लिंग, जाति, जनजाति, अलग शारीरिक क्षमता भएका लक्षित समुदाय आदिको वहुआयामिक अवस्था सुधार्ने विशिष्टिकृत हस्तक्षेप र हस्तान्तरणमुखी प्रभावकारी नीति तथा कार्यक्रमको खाँचो टड्कारोरूपमा महशुस गरिएको छ । साथै, जिल्लास्तरमा समन्वय, सहजीकरण तथा अनुगमनका लागि संस्थागत संयन्त्रको समेत अभाव खड्किएको छ ।

७.५ श्रम बजारमा प्रति वर्ष थप हुने अनुमानित चार लाख श्रमशक्तिलाई स्वदेशमा नै रोजगारी दिनसक्ने अवस्था नहुँदा विदेशिनु पर्ने एवम् देशभित्र दक्ष जनशक्तिको माग र आपूर्तिबीच तालमेल हुन सकेको पाइदैन । देशको जनशक्तिलाई नयाँ प्रविधि र बजार सुहाउँदो गुणस्तरयुक्त ज्ञान र सीपमूलक बनाई स्वदेश तथा विदेशका बजारमा रोजगारीका अवसरहरु प्रबर्द्धन गर्नु आजको प्रमुख आवश्यकता हो ।

७.६ वैदेशिक रोजगारलाई मर्यादित, सुरक्षित र व्यवस्थित वनाउन नेपाली कामदारहरुलाई दक्ष एंव प्रतिस्पर्धी बनाउने, रोजगारीका नयाँ गन्तब्य मुलुकहरु पहिचान गरी थप मुलुकहरुमा श्रम सम्झौता गर्ने, कुटनीतिक नियोगहरुको साधन स्रोत र क्षमता अभिवृद्धि गर्ने, सम्बन्धित मुलुकहरुमा सुरक्षित गृह निर्माण गरी संचालन गर्ने, वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरुको पारिश्रमिक र सेवा प्रवर्द्धन शुल्कमा पुनरावलोकन गर्ने, तथ्यांक अद्यावधिक गर्ने तथा वैदेशिक रोजगार सम्बन्धी अध्ययन गरी उपयुक्त नीति तर्जुमा गर्नु पर्ने अवस्था छ ।

## ८. कृषि, उद्योग र पर्यटन

८.१ नीजि क्षेत्रको संलग्नतामा कृषि प्रसार सेवा प्रवाह गराउने नीतिगत व्यवस्था लागु भएपछि निजी क्षेत्रबाट सेवा प्रवाह हुन सक्ने दृष्टिकोण राखी मन्त्रालयको संगठनात्मक संरचनामा आएको परिवर्तन अनुरुप कृषि प्रसार सेवातर्फका सेवाकेन्द्र/उप-केन्द्रहरुको संख्या घटाइएकोमा निजी क्षेत्र अपेक्षित मात्रामा आकर्षित हुन नसकेको अवस्था छ ।

८.२ कृषि अनुसन्धानमा बैज्ञानिक तथा प्राविधिक जनशक्तिको कमी हुंदै गइरहेको, ल्याव उपकरण तथा सुविधाको कमी र परीक्षण अनुसन्धानमा प्रयोग हुने प्रयोगशाला उपकरण एवं पूर्वाधारहरु जीर्ण अवस्थामा रहेकाले अनुसन्धान तथा परीक्षण सम्बन्धी कार्य प्रभावित हुन पुगेको छ ।

८.३ कृषि क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रमहरुवारे जानकारी एवं समन्वय नहुंदा जिल्लामा गएको स्रोतको पहिचान नहुने एवं कार्यक्रममा दोहोरोपनाले गर्दा स्रोत सदुपयोग हुन नसकेको स्थिति छ ।

८.४ विभिन्न जिल्लाहरुको भौगोलिक अवस्थितिका कारण एउटै कार्यक्रम (उदाहरणको लागि साना सिंचाई योजना) को लागतमा जिल्लैपिच्छे अन्तर पर्न जाने परिस्थितिले गर्दा उपलब्ध गराइने अनुदान रकमबाट समान उपलब्धि प्राप्त हुन नसक्नु अर्को समस्याको रुपमा देखिएको छ ।

८.५ मागको तुलनामा रासायनिक मलको आपूर्ति अति न्यून रहेको छ। अन्तर्राष्ट्रिय बजारमा अत्यधिक मूल्य बृद्धिका कारणले रासायनिक मलको आयातमा प्रत्यक्ष असर परेको छ। नेपाल सरकारबाट लागत सहभागिताको आधारमा सीमित मात्रामा अनुदानमा मल उपलब्ध गराउने नीति लिइएको भएतापनि ८० प्रतिशत भन्दा बढी किसानहरु साना एवम् सीमान्त वर्गका भएकोले कृषकको माग अनुसार रासायनिक मल आपूर्ति हुनसकेको छैन । अनौपचारिक स्रोतबाट मलको आपूर्तिका कारण किसानले मल अभावको समस्या भोल्नु नपरेको भएतापनि मलको गुणस्तरको अनुगमन हुन नसक्दा कमसल मल भित्रिएको गुनासो बढिरहेको छ । यसबाट दीर्घकालमा उर्वर माटोको गुणस्तरमा समेत ह्रास आउने सम्भावना छ ।

८.६ कानूनी व्यवस्थाको अभाव तथा जग्गा प्राप्तिमा विवाद भइरहनु जस्ता समस्याहरुले विशेष आर्थिक क्षेत्र स्थापना सम्बन्धी कार्यक्रम कार्यान्वयनमा ढिलाई भएको छ ।

८.७ यातायात सम्बन्धी ऐनले नेपाली नागरिकलाई पर्यटकको रुपमा मान्यता नदिनु, आन्तरिक पर्यटन विकास समुचितरुपमा हुन नसक्नु, सीमा नाकाहरुमा एकिकृतरुपमा अध्यागमन, भन्सार तथा सूचना केन्द्रको व्यवस्था नहुनु तथा पर्यटन कार्यालयहरुमा पर्याप्त एवं दक्ष जनशक्ति र स्रोत हुन नसक्दा पर्यटन क्षेत्रको विकासमा चुनौती देखिएको छ ।

## ९. सार्वजनिक संस्थान

९.१ नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित ३६ वटा सार्वजनिक संस्थानहरुमध्ये आर्थिक वर्ष २०६५।६६ मा १८ वटा संस्थानहरु घाटामा संचलित छन् र कतिपय संस्थानहरुको खुद सम्पत्ति (Networth) नकारात्मक रहेको छ। ठूलो मात्रामा कोषको व्यवस्था नगरिएको दायित्व (Unfunded Liability) बढदै जाँदा संस्थानलाई ठूलो आर्थिक भार पर्ने देखिन्छ। घाटामा रहेका संस्थानहरुले सरकारमाथि निर्भरता बढाउदै लगेको र नाफामा रहेका संस्थानहरुमा आवश्यकताभन्दा बढी सुविधा लिने प्रवृत्ति बढीरहेको छ। समयमा वार्षिक हरहिसाव तयार एवं लेखापरीक्षण हुन नसक्दा संस्थानप्रतिको जनविश्वासमा ह्रास आउने र सुधार प्रकृयामा समेत प्रतिकुल प्रभाव पार्ने अवस्था देखिएको छ। त्यस्तै संस्थानहरुमा उपयुक्त र नवीनतम प्रविधि तथा चालू पुँजीको अभाव हुनु पनि चुनौतीको रुपमा रहेका छ ।

९.२ कर्मचारी संङ्ख्यालाई उपयुक्त आकारमा ल्याउन नसक्दा संस्थानको शिरोभार खर्च पनि बढ्दै गएको छ। यसमा सम्बन्धित संस्थान र मन्त्रालयबाट समेत समयानुकूल

प्रतिवद्धता र कार्यान्वयनको उत्तरदायित्व लिने परिपाटी बसाल्नु पर्ने आवश्यकता रहेको छ। कर्मचारी नियुक्ति तथा सेवासुविधाका सम्बन्धमा स्पष्ट नीतिको अभाव छ।

९.३ संस्थानको लक्ष्य प्राप्तिमा देखिएको समष्टिगत प्रगतिबाट सन्तोष लिन सकिने अवस्था देखिंदैन। सरकार परिवर्तनसंगै संचालक समितिका सदस्यहरु तथा प्रमुख व्यवस्थापकको परिवर्तन समेतले गर्दा संस्थानहरुको व्यवस्थापन र सञ्चालनले समयानुकूल गति लिन सकेको देखिंदैन। केही संस्थानहरुलाई बजार भाउ अनुसार मूल्य निर्धारण गर्न पूर्ण स्वतन्त्रता प्रदान गर्न नसकिएको कारणबाट ती संस्थानहरुको अस्तित्वमाथि नै चुनौती आएको देखिन्छ। संस्थानको अनुगमन तथा निरीक्षणको लागि पनि स्पष्ट नीति र संयन्त्रको आवश्यकता रहेको छ।

९.४ सार्वजनिक संस्थानहरुको निजीकरणको कार्यान्वयन पक्ष पनि चुनौतीपूर्ण रहेको छ। निजीकरण भैसकेका कतिपय संस्थानहरुमा हिसाब-मिलान र समायोजनको समस्या रहेको छ भने बिघटित तथा खारेज गरिएका केही संस्थानहरुको सम्पत्ति व्यवस्थापन गर्न पनि समस्या रहेको छ। व्यवसायिक दृष्टिले संभाव्य नदेखिएका संस्थानहरु क्रमशः निजीकरण गर्दै जानु पर्ने कार्य पनि विगत केही समयदेखि अवरुद्ध छ। कर्मचारी संगठन लगायत अन्य कतिपय कारणहरुले गर्दा संस्थानहरुको निजीकरण प्रकृया थप चुनौतीपूर्ण बन्दै गएको छ।

## १०. उर्जा तथा वन

१०.१ निजी क्षेत्रको लागि लगानी-मैत्री वातावरण अपेक्षितरुपमा तयार नहुनु र समय-सापेक्ष रुपमा मानवीय तथा भौतिक संरचना तथा सुविधा उपलब्ध हुन नसक्नुले विद्युत विकास सम्बन्धी कार्य प्रतिकूल रुपमा प्रभावित हुन पुगेको छ। शान्ति-सुरक्षा, राजनीतिक स्थिरता र प्रतिवद्धताको अभावले पनि यस क्षेत्रको विकासमा थप चुनैती निम्त्याएको अवस्था छ।

१०.२ नवीकरणीय उर्जा प्रविधिको विकासका लागि आर्थिक-भौतिक श्रोतको अभाव, निर्माण तथा कार्यान्वयन चरणमा प्रक्रियागत कठिनाई एवं सार्वजनिक-नीजि साझेदारी अवधारणा अनुरुप अघि बढ्न नसकिने जस्ता चुनौतीहरुको सामना गर्नु पर्ने अवस्था रहेको छ।

१०.३ वन विकास तथा संरक्षणको क्षेत्रमा साधन र स्रोतको कमी रहनु, वन अतिक्रमण हुनु, यस सम्बन्धी कार्य राष्ट्रिय प्राथमिकतामा नपर्नु, चोरी कटानी-निकासी बढ्नु र भू-क्षय लगायतका प्राकृतिक प्रकोपबाट वनको क्षति हुनु जस्ता विविध कारणहरुले वन व्यवस्थापन पक्ष चुनौतीपूर्ण हुन गएको छ।

१०.४ ध्वस्त भौतिक संरचनाको पुनः निर्माण हुन नसक्नु, दक्ष जनशक्तिको अभाव रहनु, अध्ययन-अनुसन्धानको कमी हुनु, चोरी शिकार नियन्त्रण गर्न नसकिनु, निकुञ्ज-आरक्ष क्षेत्रको अतिक्रमण हुने क्रम बढ्दै जानु जस्ता विविध कारणहरुले गर्दा राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रको विकास तथा व्यवस्थापनमा समस्या सिर्जना भएको छ।

## ११. यातायात र सञ्चार

११.१ अन्तराष्ट्रिय नागरिक उडड्यन संगठनको सदस्य राष्ट्रको हैसियतले नेपालले अन्तर्राष्ट्रिय मापदण्डअनुसार उडान सुरक्षाको स्तर कायम राख्नु प्रमुख दायित्व भएको सन्दर्भमा पर्याप्त स्रोत, साधन, दक्ष विशेषज्ञ जनशक्तिको विकास गर्दै मौजुदा दक्ष जनशक्तिलाई सेवामा निरन्तरता (Retention) दिनु आवश्यक छ ।

११.२ हवाई सुरक्षा सम्बन्धी उपकरणहरु ज्यादै उच्च प्रविधिको हुने र सो सञ्चालन गर्ने जनशक्ति पेशागत रुपमा अत्यन्त दक्ष हुनुपर्नेमा नेपालमा हवाई सुरक्षा सम्बन्धी जनशक्ति छुट्टै नभई नेपाल प्रहरीको सामान्य जनशक्तिबाट सञ्चालन हुदैं आएकोले तत्सम्बन्धी जनशक्ति विकासका लागि आवश्यक व्यवस्था गर्नु पर्ने चुनौती रहेको छ ।

११.३ नेपालको भौगोलिक स्वरुप तथा जटिलताले गर्दा एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलको अपरेशन समय विस्तार गरी बढी भन्दा बढी अन्तर्राष्ट्रिय वायुसेवाहरुलाई आकर्षित गर्ने उद्देश्यले आधुनिक उड्डयन सहायक उपकरण सुविधाहरु जडान गर्नको लागि आवश्यक वित्तीय र प्राविधिक व्यवस्थापन गर्नु आवश्यक छ ।

११.४ हुलाक सेवामा जनशक्ति व्यवस्थापनको उचित प्रबन्ध हुन नसक्नु तथा अपेक्षित रूपमा सेवा विविधीकरण हुन नसक्नु, मोबाइल टेलिफोनको गुणस्तरमा सुधार नहुनु, रेडियो नेपाल तथा नेपाल टेलिभिनको प्रसारण पहुँचमा वृद्धि हुन नसक्नु, विद्युतीय सञ्चार माध्यम सञ्चालन गर्न विद्युत् कटौतीले कठिनाइ हुनु, सूचना विभागमा निर्मित पोर्टलमा सूचनाहरू अद्यावधिक गर्ने क्रममा सम्बन्धित सरकारी निकायबाट यथासमयमा आवश्यक सूचना उपलब्ध नहुनु तथा चलचित्र विकास शुल्कको उठौतीमा कठिनाइ रहनु जस्ता चुनौतीहरू सञ्चार क्षेत्रमा विद्यमान रहेका छन् ।

## १२. सामाजिक क्षेत्र

१२.१ अन्तरमन्त्रालय समन्वयको अभावले गर्दा अनौपचारिक शिक्षा तथा वालबिकास कार्यक्रम प्रभावकारी बन्न नसक्नुका साथै स्थानीय निकायहरुबीच अपनत्वको भावनाको विकास हुन सकेको छैन । त्यस्तै, शिक्षा मन्त्रालय तथा स्वायत्त निकायबीच तिनीहरुको काम र भूमिकामा अस्पष्टता, कार्यक्रम सञ्चालनमा राजनीतिक सहमति/समर्थन प्राप्त हुन नसक्नु र शिक्षा क्षेत्रका तल्लो ईकाइमा सूचना व्यवस्थापन एवम् प्रतिवेदन प्रणाली चुस्त हुन नसक्नु जस्ता चुनौतीहरु रहेका छन् ।

१२.२ पाठ्यक्रम विकास केन्द्रतर्फ समयमा नै बजेट खर्च गर्ने आधार र अख्तियारी प्राप्त नहुनु र नियमित विद्युत् आपूर्तिको अभावका कारण पाठ्यक्रम छपाइमा ढिलाई जस्ता समस्याहरु रहेका छन् । त्यस्तै, भौगोलिक विकटता, दैवीप्रकोप तथा आम हड्ताल आदिले शिक्षा क्षेत्र नराम्रोसँग प्रभावित हुन गएको छ । शिक्षाको लागि खाद्य कार्यक्रम अन्तर्गत खाद्य वस्तुको ढुवानी, गुणस्तर कायम, भण्डारण एवम् नियमित वितरणमा

कठिनाई रहेको छ । साथै, साक्षरता अभियानका मुख्य सञ्चालक गाउं विकास समिति सचिवहरुको रिक्तता, तराईका जिल्लामा शिक्षा अधिकारीहरुको दरवन्दी पूर्ति नहुनु र एकिकृत अनुगमनको कमी यस क्षेत्रका थप समस्या तथा चुनौतीका रुपमा रहेका छन् ।

१२.३ उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गत योग्य शिक्षक र तिनीहरुको सेवास्तर एवम् संख्या निर्धारण नहुनु, व्यवहारिक पाठ्यक्रमको अभाव, मर्यादित, स्वच्छ र स्तरीय परीक्षा सञ्चालनमा समस्या, सम्बन्धन स्वीकृति दिनमा समतामूलक पहुँचको कमी तथा शिक्षा नियमावली र उच्च शिक्षा सम्बन्धी ऐन-नियमबीच तालमेल नहुनु जस्ता समस्याहरु रहेका छन् ।

१२.४ विश्वविद्यालयहरुतर्फ त्रिभुवन विश्वविद्यालयमा धेरै वर्षदेखि अधिकतम विद्यार्थी चाप एवं आर्थिक स्रोतको अभाव हुनुका साथै पूर्वाञ्चल विश्वविद्यालयमा बन्द, हड्ताल र तालावन्दीका कारण शैक्षिक कार्यक्रम र परीक्षाफल प्रकाशन सम्बन्धी कार्यहरु प्रभावित हुन पुगेका छन् । त्यस्तै, नेपाल संस्कृत विश्वविद्यालयको नामको जग्गा अतिक्रमण/कब्जा हुनु, आयुर्वेद शिक्षा सञ्चालन गर्न र विभिन्न भाषाको पाठ्यसामग्री तयार गर्न स्रोतको अभाव हुनु आदि थप समस्याका रुपमा देखिएका छन् ।

१२.५ आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा राखी स्वास्थ्य सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउन विभिन्न कार्यक्रम सञ्चालन गरी स्वास्थ्य क्षेत्रका विभिन्न परिसूचकहरुमा सकारात्मक उपलब्धि हासिल भएतापनि जनतामा रहेको न्यून चेतनास्तर, कठीन भौगोलिक बनावट, कमजोर आर्थिक स्थिति, पर्याप्त मात्रामा दक्ष चिकित्सकको कमी र स्वास्थ्य सूचना प्रणाली तथा विश्लेषण क्षमताको कमी जस्ता कारणले गर्दा ग्रामीण एवं दुर्गम क्षेत्रमा सर्वसुलभरुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने कार्य अझैपनि चुनौतीपूर्ण नै रहेको छ ।

१२.६ स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, दरवन्दी अनुसार गाउँ विकास समितिमा सचिव पदपूर्ति हुन नसक्नु, प्राविधिक जनशक्तिको न्यूनता, शान्ति सुरक्षाको अभावका कारण विकास निर्माणका काममा देखिएको समस्या, समयमै कानूनी व्यवस्था तर्जुमा हुन नसक्नु, सार्वजनिक जमिनको अतिक्रमण, सडक वत्तीको व्यवस्थापन गर्न कठिनाई, दातृ निकायको सहयोग रकम आवश्यक प्रक्रिया पूरा गरी समयमै सोधभर्ना हुन नसक्नु, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाले स्थानीय निकायहरुसँग समन्वय गरी स्थानीय माग एवम् आवश्यकता अनुरुप कार्यक्रम सञ्चालन नगर्नु तथा ती संघ संस्थाहरुको बजेट, खर्च एवम् उपलब्धि एकिकृतरुपमा नदेखिनु, ILO 169 को बुझाईमा भिन्नताको कारण स्थानीय निकायको स्रोत परिचालनमा समस्या देखिनु जस्ता समस्या एवम् चुनौतीहरु रहेका छन् ।

१२.७ सामाजिक सुरक्षाको क्षेत्रमा परम्परादेखि जरो गाडेको रुढीवादी मूल्य, मान्यता र सोचाईमा परिवर्तन नआएसम्म कानुनी व्यवस्थाको प्रावधानले मात्र हक अधिकार व्यवहारिक रुपमा स्थापित गर्न नसकिने हुँदा यी मूल्य र मान्यतामा परिवर्तन ल्याउनु

चुनौतीपूर्ण रहेको छ। चेतनाको अभाव, महिलाहरुको श्रमलाई आर्थिक उपार्जनयुक्त क्रियाकलापमा परिणत गर्न नसकिनु, सीमित साधन र स्रोतबाट थुप्रै आकांक्षाहरु परिपूर्ति गर्नु पर्ने स्थितिमा महिला अधिकार तथा बाल अधिकारको लागि अन्तर्राष्ट्रिय क्षेत्रमा व्यक्त गरिएका प्रतिवद्धताहरु पूरा गर्न कठिनाइ हुनु, जेष्ठ नागरिक, अपाङ्ग व्यक्तिहरु समाजका वोझ होइनन् वरु उनीहरुमा रहेको ज्ञान सीप समाजको सम्पत्ति हो भन्ने कुरा अवलम्बन गरी उनीहरुको क्षमता अनुसार विकासका लागि पर्याप्त कार्यक्रम सञ्चालन नहुनु, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थानहरुले स्थानीय माग र आवश्यकता बमोजिम सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन नगर्नुले पनि आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको प्रकृयाले सोचे जस्तो गति लिन सकेको छैन ।